# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।०२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आ.ब. २०७८/०७९ मा जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ५ मा सिंचाई आयोजनामा निर्माण उपभोक्ता समितिका पदाधिकारीहरु समेतको मिलेमतोमा आयोजनाको रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालयका कार्यालय प्रमुख राजिव रिमालले** जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ५ स्थित नेर सिंचाई आयोजनाको पाइपलाइनको कार्य १७०० मिटर हुनुपर्नेमा ८१२.५ मिटर मात्र भई ८८७.५ मिटर फिल्डमा कम भएको कामलाई पनि झुट्टा नापी किताब, पहिलो र दोस्रो बिल स्वीकृत गरी रु.५,६१,४८१।९५ बढी भुक्तानी गरी उपभोक्ता समितिलाई गैरकानूनी लाभ र सरकारलाई हानिनोक्सानी पुऱ्याएको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु.५,६१,४८१।९५ (पाँच लाख एकसठ्ठी हजार चार सय एकासी रुपैंया पन्चानब्बे पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ।

**सव-इन्जिनियर नर बहादुर लावडले** फिल्डमा नभएको कामको पनि भएको भनी झुट्टा नापी किताब, पहिलो र दोस्रो बिल तयार गरी पेश गरी उपभोक्ता समितिलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई रु.५,६१,४८१।९५ हानिनोक्सानी पुऱ्याएको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु.५,६१,४८१।९५ (पाँच लाख एकसठ्ठी हजार चार सय एकासी रुपैंया पन्चानब्बे पैसा) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो असुलउपर हुन साथै फिल्डमा नभएको कार्यको समेत भएको भनी नभए/नगरेको कुरा देखाई गलत प्रतिवेदन दिएको देखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुरमा सोही ऐनको  दफा १९(२) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

**उपभोक्ता समितिका अध्यक्ष तेजबहादुर शाही, उपाध्यक्ष हिरा बहादुर शाही र सचिव तिर्थ बहादुर शाहीले** सम्झौता बमोजिम लागत अनुमानभन्दा कम काम गरी फिल्डमा नभएको कामको पनि भएको भनी भुक्तानीको लागि झुट्टा बिल पेस गरी रु.५,६१,४८१।९५ बढी भुक्तानी लिई आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकोले निजहरु तेजबहादुर शाही, तिर्थ बहादुर शाही र हिरा बहादुर शाहीलाई रु.५,६१,४८१।९५ (पाँच लाख एकसठ्ठी हजार चार सय एकासी रुपैंया पन्चानब्बे पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता<br>
नरहरि घिमिरे